नेपाल सरकार
गृह मन्त्रालय

**मिति २०७४।०४।२९ गते विहान ८.०० बजे बसेको सम्बन्धित विषयगत क्षेत्रका नेतृत्व दायी निकायहरु वीच भएको बैठकका निर्णयहरु**

१. पाँचथर, सिन्धुली, झापा, मोरङ्ग, सुनसरी, सप्तरी, चितवन, मकवानपुर, दाङ्ग, धनुषा, रौतहट, नवलपरासी, बाँके, वर्दिया, सुर्खेत लगायतका जिल्लाहरुमा पहिरो, वाढी र डुवानका घटनाहरुबाट मानवीय तथा भौतिक क्षति भएको अवस्थामा छ । उक्त अवस्थाबाट पीडित भएकाहरुलाई राहत प्रदानगर्न सम्बन्धित विषयगत क्षेत्रहरुको नेतृत्व लिने निकायहरु स्वयम आफै परिचालित हुने र सह नेतृत्व लिने निकायहरु तत् तत् जिल्लाको जिल्ला दैवी प्रकोप उद्धार समितिसँग निकट्तम समन्वयमा रही सम्बन्धित क्षेत्रमा तत्काल परिचालित हुने ।

२. सह-नेतृत्व दायी निकायहरुले सम्बन्धित विषयसँग सम्बन्धित राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसँग बैठकगरी प्रभावित जिल्लाका जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा राहतका कार्यक्रमहरु तत्काल अगाडि बढाउने ।

३. राजमार्गहरुमा वाढी, पहिरोका कारण सिर्जना भएको अवरोधको अवस्थालाई मध्यनजर गर्दै सो अवरोध हटाई यातायात सुचारु गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई अनुरोध गर्ने ।

४. जल तथा मौसम विज्ञान विभागबाट वाढी सम्भावित क्षेत्रमा Bulk Message NTC र NCELL बाट पठाउने गरिएकोमा विगत केही दिन देखि सन्देश (Message) जान नसकेकाले दुबै सेवा प्रदायकहरुबाट तत्काल प्रभावकारी रुपमा सेवा सुचारु गर्न लगाउन सूचना तथा संचार मन्त्रालयलाई अनुरोध गर्ने ।

५. पहिरो, बाढी र डुवानका कारण विभिन्न जिल्लाहरुमा विद्युतको पोल ढलेर जोखिम वढाएकाले उक्त जोखिमलाई रोक्ने आवश्यक व्यवस्था तत्काल मिलाउन नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने । विद्युतको पोल ढली मानवीय तथा अन्य क्षति भएकोमा उक्त क्षति हुन नदिने तर्फ सतर्क रहने ।

६. संयुक्त राष्ट्रसंघीय मानवीय संयोजकको कार्यालयको समन्वयमा मानवीय सहायतामा काम गर्ने (HCT) निकायहरुले तयार पारेको Monsoon Preparedness Plan अनुसार उक्त निकायहरुले सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी मानवीय सहायताका कार्यहरुलाई आजैका मिति देखि प्रारम्भ गर्ने ।

७. जिल्ला प्रशासन कार्यालय वर्दियाको मिति २०७४।४।२९ गतेको पत्रबाट वाढी तथा डुवानका कारण सयौ घर क्षति तथा हजारौ मानिस प्रभावित भएकाले तत्काल लेखा जोखा समन्वय टोली खटाइ दिन माग भइ आएकाले राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) बाट नेपाल रेडक्रश रोसाइटीसँग समन्वय गरी सामग्री सहित टोली खटाउने । जिल्ला प्रशासन कार्यालय बाँके र दाङ्गबाट पनि विपद् लेखाजोखा समन्वय टोली खटाउन माग भै आएकाले ति जिल्लाहरुमा पनि सो टोली खटाउने । साथै आवश्यकतानुसार विपद् लेखा जोखा समन्वय टोली विपद् प्रभावित अन्य जिल्लाहरुमा पनि खटाउने ।

८. विपद् प्रभावित सम्बन्धित जिल्लाहरुले तत्काल प्रारम्भिक द्रुत लेखा जोखा (Initial Rapid Assessment) टोली परिचालन गरी Response र Relief को कार्य अगाडि बढाउने ।

Bishnu